कार्यपालिका बैठक संख्या :- ६६
बैठक मिति :- २०७६।०८।२२

**निर्णय नं. १**

आ.व. २०७४।०७५ मा खर्च नभएको सामाजिक सुरक्षा भत्ता रकम रु. २,०३,५७,५४२।८८ (दुई करोड तीन लाख सन्ताउन्न हजार पाँच सय बयालिस मात्र) साथै शशर्त अनुदान तर्फको खर्च नभई बाँकी रहेको रकम ९१,५१,२८८। (एकानब्बे लाख एकाउन्न हजार दुई सय अठासी मात्र) गरी कूल जम्मा रु. २,९५,०८,८३०/८८ (दुई करोड पञ्चानब्बे लाख आठ हजार आठ सय तीस रुपैंया अठासी पैसा मात्र) संघिय सरकारको सञ्चित कोष खातामा जम्मा गर्नुपर्ने भनी महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण प्रतिवेदन २०७५ मा औंल्याइए बमोजिम उक्त रकम न.पा.को संचित कोषबाट संघिय सरकारको सञ्चित कोष खातामा दाखिला गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

इटहरी उपमहानगरपालिकाको वडा नं. ६ स्थित टेंग्राखोला पुल छेउमा विपद्को समयमा प्रोटेक्शन वाल निर्माणका लागि ल.ई. रु.४,९६,२६८।०७ भएको योजना संचालनका लागि नगरप्रमुखज्यूबाट भएको निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

आ.व. ०७६।०७७ का लागि यस कार्यालयलाई आवश्यक पर्ने छपाईका सामाग्रीहरु खरिदका लागि मिति २०७६।०६।१२ गते प्रकाशित वोलपत्रको सूचना अनुसार पर्न आएका वोलपत्रहरुका सम्वन्धमा मूल्यांकन समिति बाट मूल्यांकन भई सिफारिस भए बमोजिम यस कार्यालयको प्रति आइटम अनुमानित लागत मूल्य मु.अ.कर बाहेक रु.१६,११,५५२।- (सोह्र लाख एघार हजार पाँच सय बाउन्न मात्र) भएको र कबोल अंक मु.अ.कर बाहेक रु.१२,५६,३७५।- (बाह्र लाख छपन्न हजार तीन सय पचहत्तर मात्र) हुन आएको हुँदा अनुमानित लागत स्टीमेट भन्दा कम पेश भएका आइटमहरुको सवै भन्दा कम अंक कबोल गर्ने श्री साइनो छापाखाना, विराटनगरको बोलपत्र स्वीकृत गर्ने तथा अनुमानित लागत भन्दा वढी पेश भएका आइटमहरुको हकमा पुनः खरिद प्रकृया अगाढि बढाउने निर्णय गरियो ।

**निर्णय नं. ४**

प्रदेश सरकार स्थानीय तहको संयुक्त लगानीमा निर्माण हुने फुलबारी चोकबाट पश्चिम सेतो गुराँस स्कुल देखि हरि बहादुरको घर हुदै बिच्छुबाबा शिव मन्दिर हुदै रिङ्ग रोड जोड्ने सडक कालोपत्रे र इटहरी उपमहानगरपालिका वडा नं. ३ देखि धरान पानवारी सम्म (इटहरी पानवारी सडक) निर्माण कार्यको लागि २० प्रतिशतका दरले साझेदारी रकम व्यवस्था गर्नको लागि बिनियोजन ऐनको अनुसुची २ को खर्च शिर्षक नं. ३११२२ मा मेसिनरी औजार शिर्षकमा बिनियोजित रकमको २५ प्रतिशतले हुन आउने रकम रु.५२,५०,०००।- (बाउन्न लाख पचास हजार) शिर्षक नं. ३११५१ सडक तथा पुल निर्माण शिर्षकमा रकमान्तर गरी फुलबारी चोकबाट पश्चिम सेतो गुँरास स्कुल देखि हरि बहादुरको घर हुदै बिच्छु बाबा शिव मन्दिर हुदै रिङ्ग रोड जोड्ने सडक कालोपत्रेका लागि रु.२०,००,०००।- (बीस लाख) र इटहरी पानवारी सडक निर्माणका लागि रु.२०,००,०००।- (बीस लाख) गरी कुल जम्मा रकम रु.४०,००,०००।-

(चालीस लाख) जम्मा गर्ने नगर प्रमुखज्यूबाट मिति २०७६।०८।०६ मा भएको निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

इटहरी उपमहानगरपालिकाको क्षेत्र भित्रबाट उत्सर्जित नगर जन्य फोहर मैलालाई हाल चारकोशेझाडी सेउती पुल छेउमा विर्सजन गर्दै आएकोमा बिर्सजन स्थल वरिपरि फोहर मैला भरि आगलागी समेत भएको हुँदा उक्त फोहरलाई व्यवस्थित गर्न संकेत नं. ३११५८ खर्च शिर्षकमा बिनियोजित रु.८,००,०००। (आठ लाख) मध्ये प्राविधिक ल.ई.बमोजिम रु.४,९८,३३२।५८ (चार लाख अन्ठानब्बे हजार तीन सय बत्तिस रुपैया अन्ठाउन्न पैसा) सरसफाई संरचना निर्माण शिर्षकबाट खर्च गर्ने गरी मिति २०७६।०८।१७ गते नगर प्रमुखज्यूबाट भएको निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

सरस्वती मा.वि. इटहरी ३ को स्वर्ण महोत्सवमा विद्यालय मर्मत ( रंगरोगन) तथा स्मारक निर्माणका लागि रु.३,००,०००। (तिन लाख मात्र) विद्यालय बाल शिक्षा केन्द्र मर्मत सम्भार तथा शैक्षिक सामाग्री सहयोगमा विनियोजित वजेट मध्येबाट विनियोजन गरी आगामी नगरसभा बाट अनुमोदन गर्ने गरी स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

कार्यालयका नाममा रहेको मोटर साइकलहरु मर्मत संम्भार गर्नु पर्ने भएमा लगत स्टमेट स्वीकृत गराई एक आर्थिक बर्षमा वढीमा रु १५०००। (पन्ध्र हजार मात्र) सम्म खर्च लाग्ने भएमा मर्मत गराउने तथा तथा एक पटकको लागि को १ ब १०२४ नं. को मोटरसाईकलको हकमा स्टीमेट अनुसारको २३,९००।- ( तेईस हजार नौ सय) मर्मत गराउने गरी भएको निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

यस उपमहानगरपालिका नगरकार्यपालिकामा कार्यरत अधिकृत स्तर छैटौं श्री भवानी प्रसाद धमलाले यस कार्यालयबाट अन्य कार्यालयमा सरुवाभई जानका लागि सरुवा सहमती माग गरेको सम्वन्धमा माग बमोजमको सरुवा सहमति दिन कार्यपालिका लाई अनुमति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९**

जे.बि.टुहुरे फाउण्डेशनले संगित साधना केन्द्र सहित बहुउदेशिय भवन निर्माणका लागि इटहरी १२ स्थित उद्योग बाणिज्य संघको भवन अगाडी खाली रहेको सार्वजनिक जग्गा मध्ये ०-०-१० धुर जग्गा उक्त फाउण्डेशनलाई भवन निर्माण गरी भोगाधिकार गर्न अनुमती प्रदान गर्न संघीय सरकार समक्ष सिफारीस गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०**

इटहरी उपमहानगरपालिका वडा नं. ९ स्थित आइतबारे/बुधबारे हाटमा रहेको ३४ वटा सटर भाडाका लागि ठेक्का बोलपत्र सुनिल कन्ट्रक्सनले कबोल गरेको रु. २१,४३,३३३। (एक्काइस लाख त्रिचालिस हजार तिन सय तेत्तिस मात्र) मा सम्झौताका लागि मिति २०७६।८।११ मा ७ दिनभित्र सम्झौता गर्न आउन भनि पत्राचार गरिएकोमा २०७६।८।१८, द.नं. ४८०१ मा उक्त कन्ट्रक्सनले १५ दिनको म्याद थपको माग गरेको हुँदा उक्त कन्ट्रक्सनलाई सम्झौता गर्न आउनका लागि १५ दिन म्याद थप गर्ने निर्णय गरियो ।

**निर्णय नं.११**

इलाका प्रहरी कार्यालय, पकलीले कोठा भाडा लिए वापत बहालकर तिर्दा लाग्ने जरिवाना एक पटकको लागि रु.२,१७८।- (दुई हजार एक सय अठहत्तर) छुट गर्ने निर्णय गरियो ।

**निर्णय नं.१२**

इटहरी उपमहानगरपालिका अन्तर्गत विभिन्न वडामा कार्यरत वडा सचिव, नगर प्रमुख/उप प्रमुख सचिवालयमा कार्यरत ना.सु. श्री महेश सुवेदीलाई विगतमा दिदै आएको संचार सुविधा वापतको रकम रु.७००।- (सात सय) चालु आ.ब.मा समेत उपलब्ध गराउने र सूचना अधिकारी श्री गणेश प्रसाद भट्टराईलाई समेत रु.७००।- (सात सय) संचार सुविधा वापत उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १३**

इटहरी उपमहानगरपालिकामा समायोजन भई आएका स्वास्थ्य तर्फका कर्मचारीहरुलाई अन्य कर्मचारीहरुले पाए सरह खाजा भत्ता दिने सम्बन्धमा बजेटको विश्लेषण गरी आगामी बैठकमा छलफल गर्ने निर्णय गरियो ।

**निर्णय नं. १४**

१२ नं. वडा कार्यालयको नाममा रहेको विद्युत मिटरमा उठेको विद्युत महशुल बक्यौता रु.४६७०३।४९ बिल अनुसारको रकम विद्युत महशुल शिर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. १५**

यस उपमहानगरपालिकाको मिति २०७५ साल अशोज १८ गतेको कार्यपालिका निर्णयानुसार भुक्तानी गर्न भनिएका गत विगतको आ.ब.मा संचालित योजना तथा कार्यक्रमको सम्बन्धमा अध्ययन प्रतिबेदन पेश गर्ने गरी मिति २०७६।०१।२४ गते बसेको कार्यपालिका बैठकबाट उप प्रमुख श्री लक्ष्मी गौतमज्यूको संयोजकत्वमा गठित कार्यदलबाट मिति २०७६।०८।२२ गते प्राप्त प्रारम्भिक प्रतिबेदनमा केही जटिलता र अस्पष्टता भएकोले कार्यदलको लागि थप समय आवश्यक पर्ने भनी माग भए बमोजिम २०७६ पौष मसान्त सम्म म्याद थप गर्ने र सदस्यमा कार्यरत नवराज नेपाल सरुवा भई अन्यत्र गई सकेकोले सो पदमा अधिकृत छैटौ श्री गणेश प्रसाद भट्टराईलाई सदस्य तोक्ने तथा उक्त योजना स्थलगत अध्ययन गरी परिमाण र गुणस्तर समेत नापजाँच गरी पेश गर्ने गरी थप क्षेत्राधिकार प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. १६**

इटहरी उपमहानगरपालिका वडा नं. ८ स्थित सुविधानगर टोलको सुविधा मार्ग कालोपत्रे तयारी अवस्थामा बाढी आई बाटोमा क्षति पुग्न गएको हुँदा उक्त बाटो मर्मतका लागि ल.ई. ९४,३१७ ( चौरानब्बे तीन सय सत्र मात्र) हुन आएको हुँदा उक्त रकम शिर्षक नं. ३११५१ सडक तथा पुल निर्माण शीर्षकबाट वजेट विनियोजन गरी आगामी नगरसभा बाट अनुमोदन गर्ने गरी स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं.१७**

इटहरी उपमहानगरपालिका वडा नं. ५ स्थित मदन मार्ग मर्मत सम्भारका लागि ग्रेडर तथा रोलर भाडामा लिई मर्मत गर्दा भएको खर्च ७१,१९०। (एकहत्तर हजार एक सय नब्बे) शिर्षक नं. ३११५१ सडक तथा पुल निर्माण शीर्षकबाट वजेट विनियोजन गरी आगामी नगरसभा बाट अनुमोदन गर्ने गरी स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं.१८**

यस इटहरी उपमहानगरपालिका तथा वडा कार्यालयहरुको लागि तत्काल आवश्यक पर्ने फर्निचरहरु खर्च शीर्षक नं. ३११५ बाट रु. ४,८०,०००। (चार लाख असी हजार मात्र) विनियोजन गरी खर्च गर्ने निर्णय गरियो ।

**निर्णय नं.१९**

यस इटहरी उपमहानगरपालिका लागि तत्काल आवश्यक पर्ने कार्पेटीङ्ग गर्ने कार्य मसलन्द तथा कार्यालय सम्वन्धी खर्च शीर्षक नं. २२३११ बाट रु. ४,९०,०००। (चार लाख नब्वेहजार मात्र) विनियोजन गरी खर्च गर्ने निर्णय गरियो ।

**निर्णय नं.२०**

यस इटहरी उपमहानगरपालिकाको नगर शभा कक्ष तथा बैठक कक्षका लागि आवश्यक पर्ने ए.सी. खरिद गर्न मेसीनरी औजार शीर्षक बाट रु. ४,५०,०००। (चार लाख पचास हजार मात्र) विनियोजन गरी खर्च गर्ने निर्णय गरियो ।

**निर्णय नं.२१**

यस इटहरी उपमहानगरपालिकाको आ.व. २०७६।७७ को नीति, कार्यक्रम तथा बजेट पुस्तक तथा नगरपालिकाको एकिकृत सम्पत्ती कर तथा आय लेखा छपाईका लागि मसलन्द तथा कार्यालय सम्बन्धी खर्चबाट रु. ५,००,०००। (पाँच लाख मात्र) विनियोजन गरी खर्च गर्ने निर्णय गरियो ।

**निर्णय नं.२२**

यस कार्यालयको शिक्षा शाखा, योजना शाखा, न्यायीक शाखा लगायतका शाखाहरुमा आवश्यक पर्ने नेटवर्किङ सूचना तथा सफ्टवेर वजेट शीर्षक नं. २४४१२ बाट रु. ३,००,०००। (तीन लाख मात्र) बिनियोजन गरी खर्च गर्ने निर्णय गरियो ।

**निर्णय नं.२३**

हालै काठमाण्डौमा सम्पन्न १३ औं दक्षिण एसियाली खेलकुद प्रतियोगितामा इटहरीबाट खेलमा सहभागी भई पदक विजेता खेलाडीहरुलाई सम्मान सहित देहाय अनुसारको रकम खेलकुद शिर्षकबाट बिनियोजन गरी खेलाडीलाई वितरण गर्ने निर्णय गरियो ।

**तपशिल**

क) स्वर्ण पदक विजेता : नगद रु. ५१,०००।

ख) रजत पदक विजेता : नगद रु. ३१,०००।

ग) कास्य पदक विजेता : नगद रु. २१,०००।

**निर्णय नं.२४**

इटहरी उपमहानगरपालिका वडा नं. ५ बस्ने बाल गायक प्रितम आचार्य भारतीय च्यानल जी टि.भी. द्वारा प्रशारण हुने सा.रे.ग.म.प. लिटिल च्याम्पमा तृतीय भएको हुँदा प्रोत्साहन तथा सम्मान स्वरुप रु. ५१,०००। (एकाउन्न हजार मात्र) कार्यक्रममा आधारित विविध खर्च (२२.५.२९) शीर्षक बाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं.२५**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिति २०७६।०४।२६ को प्राप्त पत्रअनुसार स्थानीय तहमा आधारभूत स्वास्थ्य सेवा निर्माण तथा सञ्चालन सम्बन्धी कार्यविधि २०७५ अनुसार यस उपमहानगरपालिको लागि वडा नं. २, ४, ६, , १६, १९ र २० मा पहिलो चरण तथा दोश्रो चरणमा वडा नं. १, ३, ७, ११, १२ र १५ र १८ मा सेवा केन्द्र निर्माण तथा सञ्चालन गर्ने विवरण प्राप्त हुन आएको, उक्त विवरणमा वडा नं. ५, १० र १३ का लागि छुट हुन गएको र वडा नं. १, १६ र १२ मा स्वास्थ्य चौकी भएको भएको सन्दर्भमा उक्त विवरण मध्ये वडा नं. १, १६ र १२ को निर्माण तथा सञ्चालन योजनलाई वडा नं. ५, १० र १३ मा योजना स्थानान्तरण गरी भवन निर्माण तथा सेवा सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं.२६**

स्पाइरल इन्जुरी संघको आयोजनामा हुने खेलकुद प्रतियोगिताका लागि ४०,०००। (चालिस हजार मात्र) खेलकुद शीर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं.२७**

एरिना गोल्ड कप प्रतियोगिताका लागि इटहरी उपमहानगरपालिकाको तर्फबाट सहभागी टिमलाई रु. १,००,०००। (एक लाख मात्र) खेलकुद शीर्षक बाट उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.२८**

यस उपमहानगरपालिकाको दमकल मिति २०७५।१२।२३ गते जि. सुनसरी रामधुनी नगरपालिकामा आगलागी भई आगो निभाउन जादा गाडी रोकी उत्तर मोड्ने क्रममा व्याक गर्दा पछाडि रहेको जि. सप्तरी धरमपुर घर भाई हाल वि.वि.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानका चिकित्सक डा. बलभद्र प्रसाद दासको बा.८ च २७९ को कारलाई ठक्कर लागेको हुँदा सो सम्बन्धमा इलाका प्रहरी कार्यालय पकलीबाट २०७५।१२।२३ गतेको उल्लेखित व्यहोरा खुलेको सर्जमिन मुचुल्का सहित कारको आधिकारीक डिलर 4 Wheel Auto Center बिराटनगरको लागत स्टमेट मु.अ. करसहित रु.६,५१,५५५।९० लागत बमोजिम गाडि मर्मत गराई बिमा समेत मागदावी गर्दा बिमा बाट प्राप्त रकम रु.२७६६७९। कट्टा गरी बाँकी रहेको रकम मध्ये रु. ३,२५,०००। (तिन लाख पच्चिस हजार मात्र) रकम नगरपालिकाबाट भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं.२९**

ट्रमा सेन्टर सहितको इटहरी अस्पताल भवन निर्माणका लागि पुजीगत अनुसन्धान तथा परामर्श शिर्षक बाट खर्च गर्ने गरी  डि.पि.आर. तयार गर्ने निर्णय गरियो ।

## निर्णय नं. ३०

चालु आ.व. २०७६।७७ को नगरसभाबाट स्विकृत बजेट तथा योजना कार्यक्रम बमोजिम नगर सभाबाट स्विकृति देहायका योजना कार्यक्रमलाई बजेट तथा योजना तर्जुमा समितिको सिफारिसको आधारमा देहाय अनुसार संसोधन गर्ने निर्णय गरियो ।

क. योजना संसोधन

| क. स | योजनाको किसिम | आ.व. 2076/077को लागि स्वीकृत योजनाको नाम | बजेट | संसोधन | कैफियत |
|---|---|---|---|---|---|
| १ | नगर स्तरीय | आयुर्वेद टोल प्रोटेक्शन वाल इटहरी 2 | 1,000,000.00 | हवाइ चौक उत्तर दुवै तर्फ ड्रेन निर्माण | |
| 2 | नगर स्तरीय | शुमंगल मार्गमा टायल्स विछ्याउने, इटहरी- 7 | 1,000,000.00 | शुमंगल मार्ग कालोपत्रे | |
| 3 | नगरस्तरीय | वडा नं १८ को डकाहा हेरेराम मन्दिर देखि बैठाहा चौक सम्म प्रोटेक्शन वाल, इटहरी-18 | 1,200,000.00 | वडा नं १८ को डकाहा हेरेराम मन्दिर देखि बैठाहा चौक सम्म ड्रेन निर्माण | |
| 4 | नगर स्तरीय | कंचनगंगा मार्ग कालोपत्रे इटहरी 1 | 1,000,000.00 | कंचनजंगा मार्ग कंक्रिट ढलान | |
| ५ | वडा स्तरीय | संगालो मार्ग कालोपत्रे इटहरी २० | 1,100,000.00 | संगालो मार्ग पक्की ढलान, इटहरी-20 | |
| ६ | नगर स्तरीय | सोमराजको घरछेउको बाटो प्रोटेक्शन वाल र कालोपत्रे इटहरी ५ | 900,000.00 | सोमराजको घरछेउको बाटो प्रोटेक्शन वाल र इन्टरलक ब्लक निर्माण इटहरी ५ | |
| ७ | वडा स्तरीय | ज्योति मावि बाट कृष्ण गिरिको घर अगाडिको बाटो कालोपत्रे, इटहरी-5 | 600,000.00 | ज्योति मावि बाट कृष्ण गिरिको घर अगाडिको बाटो इन्टरलक, इटहरी-5 | |
| 8 | नगर स्तरीय | तुलसा टोलको जगन्नाथ दाहालको घर पश्चिम शाखा बाटाहरु इन्टरलक इटहरी ५ | 900,000.00 | बराहा टोलको प्याब्सन मार्ग कालोपत्रे निर्माण, इटहरी ५ | |
| ९ | वडा स्तरीय | तुलसा टोल कुमार अधिकारीको घर पश्चिमको बाटो प्रोटेक्शन वाल तथा ग्राभेल इटहरी ५ | 200,000.00 | तुलसा टोल शारदा अधिकारीको घर छेउको बाटो प्रोटेक्शन वाल तथा ग्राभेल इटहरी ५ | |
| 10 | वडा स्तरीय | तुलसा टोल शारदा अधिकारीको घर छेउको बाटो प्रोटेक्शन वाल निर्माण तथा इन्टरलक इटहरी ५ | 250,000.00 | घरेलु मार्गको धनपति प्रसाईको घर जाने बाटो प्रोटेक्शन वाल तथा इन्टरलक निर्माण इटहरी ५ | वजेट थप |
| ११ | नगर स्तरीय | सिसि क्यामरा जडान | 1,200,000.00 | सिसि क्यामरा जडान वडा नं 4, 6, 9 प्रति वडा रु 4 लाख | |

केशव प्रसाद विमली
प्रमुख प्रशासकीय अधिकृत

इटहरी उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इटहरी, सुनसरी
प्रदेश नं १ सुनसरी, नेपाल

| | | | | | |
|---|---|---|---|---|---|
| 12 | नगर स्तरिय | सुनुवार जाति भवन निर्माण | 500,000.00 | यायोख्खा सामुदायिक भवन इटहरी २ | |
| १३ | नगर स्तरीय | टिकुलिया टोलदेखि रामधुनी नगरपालिकाको सिमाना जोड्ने बाटो ड्रेन तथा ग्राभेल इटहरी 16 | 1,200,000.00 | टिकुलिया टोलदेखि दक्षिण दाना फ्याक्ट्रि जाने बाटो ड्रेन तथा ग्राभेल इटहरी 16 | |
| 14 | नगर स्तरीय | 12 नं वडा हाटखोला बाट वीर नारायण मार्ग जोड्न् बाटो कालोपत्रे इटहरी ११ र १२ | 3,300,000.00 | 12 नं वडा हाटखोला बाट उत्तर ११ नं वडा सिमाना सम्म नमुना समावेशी बाटो कालोपत्रे इटहरी १२ | |
| १५ | नगर स्तरीय | हाटखोला मार्ग कालोपत्रे इटहरी ११ र १२ | 3,600,000.00 | वडा नं १२ को सिमाना बाट वीर नारायण मार्ग जोड्ने बाटो कालोपत्रे इटहरी ११ | |
| 16 | नगर स्तरीय | समाबेशी टोलको कालोपत्रे सडक हुदै दक्षिण तर्फ मिलन राईको घर सम्म कालोपत्रे इटहरी १२ | 1,000,000.00 | सनसाइनमार्ग इन्टरलक इटहरी १२ | |
| १७ | नगर स्तरीय | प्रगति टोलका विभिन्न बाटाहरुमा ड्रेन तथा ग्राभेल | 1,500,000.00 | क) भरत न्यौपानेको घरदेखि दक्षिण ड्रेन तथा ग्राभेल-500000/ ख) देव चौहानको घर पश्चिम अमित भट्टराईको घर सम्म ड्रेन तथा ग्राभेल-200000/ (ग) देव चौहानको घर उत्तर समिर कटुवालको घर सम्म ड्रेन ग्राभेल -300000/ (घ) खगेन्द्र थापाको घर अगाडी बाटामा ड्रेन ग्राभेल -200000/ (ङ) रमेश न्यौपानेको घर दक्षिण पूर्व जाने बाटो ड्रेन ग्राभेल -300000/ | |
| 18 | नगर स्तरीय | रंगशाला मंच निर्माण इटहरी १५ | 800,000.00 | पोखरी डिलबाट पडरीया जाने बाटो सीमाना सम्म प्रोटेक्शन वाल तथा ग्राभेल इटहरी १५ | |
| १९ | नगर स्तरीय | वडा कार्यालय भवन निर्माण | 12,000,000.00 | वडा नं 3,४,8,13 र १९ वडा कार्यालय भवन निर्माण प्रति वडा रु-2400000/ | |
| 20 | नगर स्तरीय | वाल उद्यान (क्रमागत योजना 5 लाखका दरले वडा नं ९,१२,20) | | वाल उद्यान (क्रमागत योजना 5 लाखका दरले वडा नं 4,१२,20) | |

इटहरी उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इटहरी, सुनसरी
प्रदेश नं १, सुनसरी, नेपाल
स्था. २०७३

| | | | | | |
|---|---|---|---|---|---|
| २१ | नगर स्तरीय | सतन मार्ग, फुलवारी मार्ग र जागृतिमार्ग कालोपत्रे मर्मत इटहरी ८ | 6,900,000.00 | क) फुलबारी मार्ग कालोपत्रे रु 15 लाख (ख) जागृती मार्ग कालोपत्रे 15लाख (ग) सतन मार्ग कालोपत्रे 39 लाख | |
| २२ | नगर स्तरीय | क) तरहरा लविपुर मुलबाटोबाट दक्षिण थारुटोल जोड्ने बाटो टायल बिछ्याउने इटहरी-1 रु 10लाख (ख) श्याम चौधरीको घर हुँदै सडक कालोपत्रे रु 5 लाख | 1,500,000.00 | तरहरा लविपुर मुलबाटोबाट दक्षिण थारुटोल जोड्ने बाटो कालोपत्रे इटहरी 1 | |
| २३ | नगर स्तरीय | लगौना चौकबाटो पूर्व आउने मुलबाटो अष्टनारायण चौकसम्म कालोपत्रे, इटहरी 16 | 1,800,000.00 | लगौना चौकबाटो पूर्व आउने मुलबाटो अष्टनारायण चौकसम्म ड्रेन तथा कल्वर्ट, इटहरी-१६ | |
| २४ | नगर स्तरीय | तालतलैया मार्ग ड्रेन तथा कालोपत्रे | ८४,००,०००/- | तालतलैया मार्ग ड्रेन, स्लाब तथा कल्भर्ट निर्माण, इटहरी-३ | |
| २५ | नगर स्तरीय | आदिवासी जनजाती अधुरो भवन निर्माण | ५,००,०००/- | धिमाल जाती अधुरो भवन निर्माण, इटहरी-२ | |

**निर्णय नं. ३१**

गत आ.व. मा उपभोक्तासँग सम्झौता भइ सम्पन्न नभएका चालु आ.ब. मा निम्न बमोजिमका योजनाहरुको म्याद थप गर्ने निर्णय गरियो ।

| क स | योजनाको नाम | सम्झौता मिति | सम्पन्न गर्नु पर्ने मिति | म्याद थप भएको मिति | वजेट | कैफियत |
|---|---|---|---|---|---|---|
| 1 | सुकुमारी खोला दिना दाहालको घर छेउको कल्भर्ट निर्माण इटहरी-5 | 2076-02-15 | 2076-03-25 | 2076-08-30 | 15 लाख | कार्तिक मसान्तसम्म म्याद थप भएको |
| 2 | भरत मिलन चौकदेखि रामजानकी मन्दिर सम्म कालोपत्रे इटहरी 7 | 2075-10-06 | 2076-02-30 | 2076-07-30 | 25 लाख | 2076/5/20 सम्म म्याद थप भएको |
| 3 | टावरदेखि मनमोहन स्कुल जाने वाटो कालोपत्रे, इटहरी-10 | 2075-10-15 | 2076-01-30 | 2076-08-30 | 25 लाख | कार्तिक मसान्तसम्म म्याद थप भएको |

केशव प्रसाद विमली
प्रमुख प्रशासकीय अधिकृत

इटहरी उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इटहरी, सुनसरी
प्रदेश नं.१, सुनसरी, नेपाल
स्था. २०७३

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | अनामनगर जानेबाटो प्रोटेक्सन वाल सडक बाटो निर्माण इटहरी ६ | २०७६-२-२६ | २०७६-३-२५ | २०७७-०१-३० | 60 लाख | कार्तिक मसान्तसम्म म्याद थप भएको |

केशव प्रसाद विमली

## निर्णय नं. ३२

गत आ ब मा योजना सम्पन्न भइ विविध कारणले भुक्तानी हुन वाँकी तपशीलको योजना अनुगमन जाँचपास र फरफारक गरी प्रमाणित प्राविधिक मल्याकन र बिल भरपाइका आधारमा क्रमागत योजनाको भूक्तानीका लागि विनियोजन भएको वजेटबाट भूक्तानि गर्ने निर्णय गरियो ।

| क स | योजना | सम्झौता मिति | सम्पन्न गर्नु पर्ने मिति | न पा अनुदान | भुक्तानी बाँकी | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | चतुरलाल मार्ग र पानधारे जाने बाटो ड्रेन सरसफाइ कार्यक्रम, इटहरी ४ | 3/17/2076 | 64,374.00 | 14900.37 | 14900.37 | |

इटहरी उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय इटहरी, सुनसरी प्रदेश नं. १, नेपाल